

# यू.एम.एन. वार्षिक प्रतिवेदन, मुगु

# २०७९/२०८०

रूपान्तरित नेपाली समाजमा सबैलाई प्रशस्तताको जीवन




**तेजिन्द्र सिंजाली**
क्लष्टर टीम लिडर
मुगु क्लष्टर

यूनाईटेड मिसन टु नेपाल (यू.एम.एन.), मुगु क्लष्टरले आर्थिक वर्ष २०७९/८० मा मुगु जिल्लामा दुईवटा  साझेदार संस्थाहरूद्वारा जिल्लाको सोरु तथा मुगुम कार्मारोङ गाउँपालिकामा ८ वटा परियोजनाहरू सञ्चालन गऱ्यो । यस प्रतिवेदनले यो आर्थिक वर्षमा संचालित परियोजनाहरूको संक्षिप्त उपलब्धीहरू समावेश गरेको छ ।

यू.एम.एन. शिक्षा, स्वास्थ्य, जीविकोपार्जन, सामुदायिक सशक्तीकरण, अपाङ्गता, विपद् जोखिम न्यूनीकरण, बहुभाषिक शिक्षा जस्ता प्रमुख विषयहरूमा काम गर्दै आइरहेको छ । यसै वर्ष क्लष्टर रणनीतिक योजना २०२०-२५ लाई पनि सहभागितामूलक तरिकाले समीक्षा गरियो । परियोजनाहरूको मूल्याङ्कन र सहभागितामूलक योजना निर्माणका आधारहरूमा थप तीन वटा परियोजनाहरू निर्माण गरिए । लक्षित वर्गहरूलाई केन्द्रमा राखि निर्माण गरिएको परियोजनाहरूको चरणहरूमा उहाँहरूको सहभागिता उपलब्धीमूलक र उल्लेखनीय थियो । त्यसैगरी स्थानीय सरकारसँग सहकार्यमा गरेका कार्यहरू महत्वपूर्ण र दीर्घकालिन हितमा थिए ।

परियोजना कार्यान्वयन, अनुगमन, समीक्षा, सामाजिक लेखा परीक्षण, प्रत्यक्ष पृष्ठपोषण आदिको माध्यमद्वारा लक्षितवर्ग, सरोकारवाला निकाय, पत्रकार, नागरिक समाज, स्थानीय सरकारहरू, जिल्लामा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरूले कार्यक्रमलाई प्रभावकारी र उपलब्धीमूलक बनाउन गर्नुभएको सहयोग, समन्वय र सहकार्यको लागि आभार प्रकट गर्दछु ।



### मिका परियोजना

सोरु गाउँपालिकाको वडा नं. १ र २ मा गठन भएका १५ वटा समूहहरूमा महिला ३१९ जना र पुरुष १८ सहित जम्मा ३३७ जना समूह सदस्यहरू आवद्ध भएका छन् । समूह मार्फत ५१ जना सदस्यहरूलाई शौचालय निर्माणमा सहयोग, १०१ जनालाई आयआर्जनको लागि खरायो पालन, १०६ जनालाई बेमौसमी तरकारी खेति गर्न प्लाष्टिक पाल र कृषि सामाग्री, ४२ जनालाई उन्नत जातका बाखापालन गर्न सहयोग गरियो । जसले गर्दा समूहका सदस्यहरूले आयआर्जन गरी दैनिक जीविकोपार्जन गर्न सहज भएको छ । त्यसैगरी सोरु गाउँपालिकाको वडा नं. १ र २ मा वडा कार्यालय र विद्यालयको साझेदारीमा आधारभूत तहका ३ वटा विद्यालयलाई बालमैत्री पठनपाठन गराउनको लागि २२७ वटा कपासका कुसन, कार्पेट, २१ वटा भुई टेवल सहयोग मार्फत कक्षा कोठामा बालमैत्री वातावरण सृजना गरी सिकाइ क्रियाकलापमा सहज भएको छ । यसैगरी कक्षा ६ देखि १० का बालबालिकाहरूलाई पनि बसाई व्यवस्थापन गर्नको लागि १५० सेट फलामको डेक्स र वेन्च सहयोग गरी बसाई व्यवस्थापन भई पठनपाठनमा सहज भएको छ ।

मुगुम कार्मारोङ गाउँपालिकाको समन्वय र सहकार्यमा १३ वटा स्वास्थ्य व्यवस्थापन तथा संचालन समितिको कार्ययोजना अनुसार ५ वटा स्वास्थ्य चौकी, ७ वटा आधारभूत सेवा केन्द्र र १ वटा सामुदायिक अस्पताललाई (जस्तै स्टेचर, डेलिभरी वेड, बीपी सेट, अटोक्लेभ, इमेजन्सी लाईट, इ एन टी सेट, आदि) प्रकारका स्वास्थ्य सामग्रीहरू उपलब्ध गराइयो । यसैगरी चिते कुना गाउँलाई खुल्ला दिसामुक्त गाउँ बनाउनको लागि ३९ वटा घरहरूलाई शौचालय निर्माणमा सहयोग गरिएको छ । यसले गर्दा गाउँघर सरसफाई भएको र फोहोरबाट हुने रोगहरूमा कमि भएको छ ।

### आवासीय विद्यालयमा स्वास्थ्य सुधार तथा सरसफाई परियोजना

केजाङ स्थित आवासीय विद्यालयका २९६ बालबालिकाहरूको सरसफाईको लागि सम्पूर्ण सरसफाई प्याकेट उपलब्ध गराइयो । विद्यालयमा छात्र-छात्रालाई नुहाउनको लागि ६ वटा वाथरुम निर्माण गरी २५ लिटरको ८ वटा इलेक्ट्रिक गिजर जडान गरी छात्रा २०३ र छात्र १७५ गरी जम्मा ३७८ जना लाभान्वित भएका छन् । बालबालिकाहरूको बसाई व्यवस्थापन गर्नको लागि विद्यालयसँगको साझेदारीमा २० वटा डेक्स र २० वटा फलामको वेन्च उपलब्ध गराई पठनपाठन गर्न सजिलो भएको छ । यसैगरी विद्यालयको वरपरको वातावरण सफा राख्न महिनावारी भएको वेला प्रयोग गरेको सेनिटरी प्याड नस्ट गर्नको लागि एक इन्सिनेटर निर्माण गरिएको छ ।

### बहुभाषिक शिक्षा परियोजना

मुगुम कार्मारोङ गाउँपालिकासँगको साझेदारीमा कक्षा १ देखि ३ सम्म नेपाल सरकारको पाठ्यक्रममा आधारित स्थानीय कार्कट भाषामा स्थानीय पाठ्यक्रम निर्माण गरी सकिएको छ, भने स्थानीय पाठ्यक्रममा आधारित भई कक्षा १ को लागि स्थानीय पाठ्यपुस्तक पनि निर्माण गरिसकिएको छ । त्यसैगरी सोरु गाउँपालिकामा विद्यालयमा बालमैत्री सिकाई वातावरण सृजना गर्न ११ वटा विद्यालयको कक्षा २ मा कुसन, कार्पेट र भुई टेबल, सेतोपाटी तथा बालमैत्री शिक्षण सिकाई सामाग्री पनि प्रदान गरिनुका साथै दुईवटा कक्षाकोठा मर्मत सहयोग गरिएको छ । ८ जना शिक्षकहरूले क्रियाकलापमा आधारित तालिम पाएपछि बालबालिकाहरूले क्रियाकलापमा आधारित सिकाई वातावरणको अवसर पाएका छन् ।

### अपाङ्गता अधिकार तथा शिक्षा सुदृढीकरण (DREAM) परियोजना

यो परियोजना सोरु गाउँपालिकाको वडा नं. १ देखि ६ र ९ मा सञ्चालन भएको थियो । यस परियोजनाद्वारा २६ वटा अपाङ्गता समूह, ८ वटा अपाङ्गता सञ्जालहरू, १५ वटा बाल क्लब र १ वटा पालिका स्तरीय बाल क्लब सञ्जाल पुनर्गठन गरियो । ८ वटा अपाङ्गता सञ्जाल वडामा दर्ता भएका छन् । त्यसैगरी यस परियोजनाद्वारा अपाङ्गता भएका ३ जना बालबालिकाहरूको उपचार तथा ३६ जनालाई सहायक सामाग्रीको सहयोग (विशेष गरेर न्युन दृष्टिविहिन र सुस्त श्रवण) ले सिकाई क्रियाकलापको संलग्नतामा बृद्धि भएको छ । त्यसैगरी यस वर्ष ९ जना अपाङ्गता भएका व्यक्ति तथा उनका परिवारलाई आयआर्जनमा सहयोग गरेको मध्ये ६ जनाले बाखापालन र ३ जनाले खुद्रा पसलबाट आम्दानी सुरु गर्न थालेका छन् ।

यस वर्ष २८ वटा विद्यालयहरूका कक्षा ३ मा बसाई व्यवस्थापनको लागि कार्पेट, कुसन तथा भुई टेवल सहयोग तथा २८ वटै विद्यालयका कक्षा ३ लाई पुस्तक कुना, जुत्ता राख्ने र्‍याक, स्वच्छ खानेपानीको लागि फिल्टर, कप, सेतोपाटी, र बालमैत्री सिकाई सामाग्री सहयोग गरियो । यी सहयोगले बालबालिकाहरूलाई कक्षाकोठामा सिकाई तथा बालमैत्री वातावरणको सृजना भई गुणस्तरीय शिक्षा लिन सहयोग पुगेको छ ।

### लिङ परियोजना

मुगुम कार्मारोङ गाउँपालिका वडा नं ३ देखि ९ सम्मका वडाहरूमा समूहको कार्ययोजना अनुसार ७ वटा काठे पुल निर्माण, माँग्री, मह, पुव, सेरोग र दाउदा गरी ५ वटा समुदायमा जोखिम न्युनीकरणको लागि तटवन्ध निर्माण, माँग्री, मह, सेरोग र खारीमा गोरेटो बाटो मर्मत, माग्री विद्यालय घेरवार र २२ वटा झ्यालमा ग्रिल, माग्री स्वास्थ्यचौकी घेरबार, माग्रीको पहिरो नियन्त्रणको लागि १२०० वटा विरुवा वृक्षारोपण गरिएको छ । समुदायको सहभागितामा बिपद जोखिम न्यूनीकरण र पूर्वतयारीका विभिन्न कार्यहरू भएका छन् ।

### अपाङ्गता भएको बालबालिकाहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन परियोजना

मुगु जिल्लाको चारवटै पालिकामा सञ्चालित यो परियोजना अन्तर्गत यस वर्ष जम्मा ४४ जना मध्ये नयाँ उपचार २३ (बालक १४, बालिका ९) र फलोअप उपचार २१ जसमा (बालक ७, बालिका १४) बालबालिकाहरूको उपचार गराईएको छ । हाल अपरेशन गरेका बालबालिकाहरू मध्ये ३ जना बालबालिका विद्यालय जान थालेका छन् । यस वर्ष नयाँ र फलोअप गरी ४४ जना मध्ये २ जनाले एस.ई.ई. दिएर बसेका छन् । ३४ जना विद्यालय गईरहेका छन्, ४ जना सानो उमेर भएकोले घरमै अभिभावकसँग बस्छन् ।

### दलित छात्रा छात्रबृति परियोजना

यो परियोजना जिल्लाको चारवटै पालिकाहरूमा संचालित थियो । यो वर्ष पनि ४९ जना दलित छात्राहरूलाई छात्रबृति उपलब्ध गराइएको थियो । जस मध्ये ८ जनालाई प्राबिधिक तथा व्यवसायिक शिक्षाको लागि सहयोग भएको थियो ।

### मुगु विपद् पुनर्लाभ सहयोग परियोजना

मुगु विपद् पुनर्लाभ सहयोग परियोजना सोरु गाउँपालिकाको वडा नं. ६ र ८ मा २०७९ सालमा गएको बाढी तथा पहिरोको कारणले क्षति भएको समुदाय तथा त्यहाँ बसोबास गर्दै आइरहेका व्यक्तिहरूलाई समुदायकै अगुवाईमा विपद् पश्चातको पुर्नस्थापना कार्यलाई सहजता प्रदान गर्ने उद्देश्यले २०८० सालमा सञ्चालन गरिएको नयाँ परियोजना हो ।

## प्रमुख उपलब्धीहरू

- ९१ वटा शौचालय, र ६ वटा वाथरुम निर्माण
- १३ वटा स्वास्थ्य संस्थालाई स्वास्थ्य सामग्री सहयोग
- ५ वटा स्थानमा तटवन्धन गर्न सहयोग
- ५३ जना अपाङ्गता भएका बालबालिकाहरूको उपचार
- ३८ विद्यालयमा कक्षा ३ को कोठा व्यबस्थापनमा सहयोग
- १९७ आयआर्जनमा सहयोग
- १०० जना बालबालिकालाई शैक्षिक सामाग्री सहयोग
- ८ वटा २५ लिटरका इलेक्ट्रिक पानी तताउने सहयोग
- ४० जना अपाङ्गता भएका बालबालिकाहरूलाई सामाग्री
- १२०० वटा विरुवा वृक्षारोपण
- ७० वटा फलामको डेक्स र वेन्च विद्यालयलाई सहयोग
- २९६ जना बालबालिकालाई सरसफाई प्याकेज सहयोग
- ७ वटा काठेपुल निर्माणमा सहयोग
- ३८ विद्यालयलाई बालमैत्री सामाग्री सहयोग
- २४ बालक्लबलाई सहयोग




## विद्यालयमा उल्लेखनीय परिवर्तन

मुगुको मस्टा आधारभूत विद्यालयले बालविकास केन्द्र देखि कक्षा ४ सम्मका विद्याथीहरूलाई शिक्षा प्रदान गर्न महत्वपूर्ण भूमिका खेल्छ । तर, ९८ विद्यार्थी (४८ केटा र ५० केटी) का लागि तीन जना शिक्षक मात्र जिम्मेवार भएकाले विद्यालयले गुणस्तरीय शिक्षा सुनिश्चित गर्न महत्वपूर्ण चुनौतीहरूको सामना गरेको छ । अपर्याप्त सुविधा र कमजोर कक्षाकोठाको पूर्वाधारले शिक्षक र विद्यार्थी दुवैको पठनपाठनमा समस्या थपेको छ ।

कठिनाईका बाबजुद पनि मस्टा आधारभूत विद्यालयका समर्पित शिक्षकहरूले शिक्षा दिन अथक प्रयास गरे । दुर्भाग्यवश, विद्यार्थीहरूले अपर्याप्त डेस्क बेन्चहरू सहित धुलो भुइँमा वस्नुपऱ्यो । विशेष गरी युवाहरूका लागि जोखिम खडा गर्दै उचित सरसफाइको अभावले शिक्षक र विद्यार्थीहरूको उत्प्रेरणालाई थप घटाएको थियो ।

तीन वर्षअघि सोरु गाउँपालिकाको ७ र ९ वडामा UMN को ड्रीम परियोजनाको थालनीसँगै आशाको किरण देखापरेको थियो । यस परियोजनाको उद्देश्य विद्यालयका प्रमुख समस्याहरूलाई सम्वोधन गर्ने र बालमैत्री र अनुकूल सिकाई वातावरण सिर्जना गर्ने थियो । फलस्वरूप, कक्षा १ देखि ३ सम्मको कक्षाकोठामा उल्लेखनीय परिवर्तन भयो ।

परियोजनाको सहयोगमा विद्यालयले कार्पेट, कुसन, तल्लो टेबल, पुस्तकालयको कुना, ह्वाइटबोर्ड, जुत्ता ऱ्याक, पानी फिल्टर, सिसाका भाँडा, ऐना र डस्टविन जस्ता अत्यावश्यक सामाग्रीहरू प्राप्त गरेको छ । यी सामाग्रीहरूले कक्षाकोठाको भौतिक रूप मात्र सुधार गरेन तर विद्यार्थीहरूको सिकाइ अनुभवलाई पनि उल्लेखनीय रूपमा बढायो ।

ड्रीम परियोजनाको प्रभाव सुसज्जित कक्षा कोठा भन्दा फरक छैन । शिक्षकहरूले पाँच दिने क्रियाकलापमा आधारित सिकाई कार्यक्रम मार्फत अमूल्य तालिम प्राप्त गरे । खेलहरू र अन्तरक्रियात्मक सामाग्रीहरू समावेश गर्ने नयाँ शिक्षण प्रविधिहरूसँग सशक्त, शिक्षकहरूले अब विद्यार्थीहरूलाई संलग्न गराउने मनमोहक पाठहरू प्रदान गर्छन् जसले सिक्ने प्रक्रियालाई रमाइलो अनुभव बनाउँछ ।

नतिजा उल्लेखनीय भन्दा कम छैन । विद्यार्थीहरू अब नियमित रूपमा विद्यालय जान्छन् उनीहरूको परिवर्तन भएको सिकाई वातावरणमा उत्साह र खुशी देखाउँदै विद्यालय सफा र व्यवस्थित ठाउँ भएको छ, जसले विद्यार्थीहरूलाई प्रभावकारी रूपमा उचित सरसफाई कायम गर्न अनुमति दिन्छ ।

फुर्सदको समयमा पनि, विद्यार्थीहरूले रमाइलो र शैक्षिक रूपमा आफ्नो ज्ञानको खोजलाई बढावा दिन चित्रकलाहरु जस्ता गतिविधिहरूमा संलग्न भई परियोजनाद्वारा उपलब्ध गराइएका सिकाई सामाग्रीहरू उत्सुकताका साथ प्रयोग गर्छन् ।

मस्टा आधारभूत विद्यालयमा देखिएका सकारात्मक परिवर्तनहरू प्रतिबिम्बित गर्दै, एक शिक्षकले ड्रीम परियोजनाको लागि हार्दिक प्रशंसा व्यक्त गरे । विद्यार्थी र कक्षाकोठा दुवैमा भएको परिवर्तनलाई साक्षी दिँदै, शिक्षकले यस परियोजनाप्रति ठूलो खुशी र कृतज्ञता व्यक्त गरे ।

सामुहिक प्रयासहरुले ग्रामीण समुदायमा शिक्षाको गुणस्तर कसरी उकास्न सक्छ भन्ने कुराको ज्वलन्त उदाहरण बनेको छ । मस्टा आधारभूत विद्यालय बालमैत्री वातावरण, उत्प्रेरित शिक्षकहरू र उत्सुक विद्यार्थीहरूको साथमा, विद्यालयले आफ्ना सबै विद्यार्थीहरूको उज्यालो भविष्यको लागि अनन्त सम्भावनाहरूको यात्रा सुरु गर्छ ।

## गतिविधि


शिक्षकहरूलाई क्रियाकलापमा आधारित सिकाई तालिम


स्थानीय पाठ्यक्रम विकास गर्दै


मातृभाषामा आधारित पाठ्यपुस्तक मार्फत पठनपाठन गर्दै विद्यार्थीहरू


समूह बैठकमा आमाहरू उपस्थितीमा आफ्नो नाम लेख्दै

### स्थानीय तहको सरकारसँग सहकार्य गरी गरिएको कामहरू

मुगुम कार्मारोङ गाउँपालिकाको सहकार्यमा मिका परियोजनाले वेमौसमी तरकारी उत्पादनको लागि ८६ जना समूह सदस्यहरूलाई प्लाष्टिक पाल र कृषि सामाग्री उपलब्ध गराएको थियो । उक्त सदस्यहरूलाई गाउँपालिकाले बीऊ र प्राविधिक सहयोग गरी समूहका सदस्यहरूले वेमौसमी तरकारी उत्पादन भएको छ । जसमा परियोजनाको ३ लाख ३३ हजार र गाउँपालिकाको २ लाखमा गरी सम्पन्न भएको थियो ।

मुगुम कार्मारोङ गाउँपालिकासँगको सहकार्यमा स्थानीय पाठ्यक्रम कक्षा १ देखि ३ को र कक्षा १ को पाठ्यपुस्तकको पहिलो दस्तावेज निर्माण भई गाउँसभाबाट पारित भएको छ ।

सोरु गा.पा.मा पाँच वर्षीय शिक्षा योजनाको अन्तिम मस्यौदा तयार तथा शैक्षिक विवरण तथा पाठ्यक्रम संरचना २०८० निर्माण तथा प्रकाशन

### साझेदार संस्थाः

ग्रामीण सामुदायिक संस्था (जी.एस.एस.)

करानी सामुदायिक विकास केन्द्र (के.सी.डी.सी.)

**तपाईंको गुनासो वा पृष्ठपोषणको हामी सहृदय जवाफ दिनेछौं साथै तपाईंको परिचय गोप्य राख्नेछौं ।**

**हामीलाई सुझाव पेटिकामा सुझाव पत्र, ईमेल, कुराकानी वा फोन मध्ये कुनैपनि माध्यमवाट दिन सक्नु हुन्छ ।**

**यू.एम.एन. केन्द्रीय कार्यालय, पोष्ट बक्स नं. १२६, काठमाडौं, १६६००१२८११८ (नि:शुल्क फोन नं.) ९८४७३८७०३०, ९८६३१४५०७३**
**feedback@umn.org.np**
**feedback.mg@umn.org.np**
**www.umn.org.np/feedback**